# बोलपत्र आह्वानको सूचना
## नेपाल सरकार
## स्वास्थ्य मन्त्रालय
## राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र
## टेकु, काठमाण्डौ

STI/OI औषधि खरिद सम्बन्धी शिलवन्दी बोलपत्र

(प्रथमपटक सूचना प्रकाशित भएको मितिः २०७४।११।२१

१. राष्ट्रिय दैनिकपत्रिकामाप्रथम पटक सूचन ाप्रकाशित भएको मितिले ३० औं दिन कार्यालयको समय भित्र बोलपत्र दस्तूर रू. ३०००।- (अक्षेरुपी तीन हजार पछि फिर्ता नहुने गरी) यस केन्द्रमा नगद वुझाएको सक्कल नगदी रसिद निवेदनसाथ संलग्न राखी कार्यालय समय भित्र बोलपत्रदातावा निजको अधिकृत प्रतिनिधिले यस केन्द्रबाट बोलपत्र फाराम खरिद गर्न सक्नेछन्। बोलपत्रखरिद गर्नको लागि निवेदकले सो सम्बन्धि कारोवार गर्ने उदेश्यको आ.व. ०७४।०७५ कालागि नविकरण गरिएको कम्पनी वा फर्म दर्ता प्रमाणपत्र र औषधि व्यवस्था विभागमा दर्ता प्रमाणपत्र, आयकर तथा भ्याट दर्ता प्रमाणपत्र र ०७३।०७४ को कर चुक्ता प्रमाण पत्र को प्रमाणित प्रतिलिपीहरु संलग्न राखी रु १० को टिकेट टाँसी बोलपत्र खरिद गर्न निवेदन साथ पेश गर्नुपर्नेछ।

२. प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२:०० बजे भित्र खरिद गरेको बोलपत्र रीतपुर्वक भरी यस केन्द्रमा बोलपत्रदाता आफै वा निजको प्रतिनिधि उपस्थित भै शिलबन्दीबोलपत्र दर्ता गराई सक्नुपर्नेछ। शिलबन्दी बोलपत्र हुलाक तथा कुरियर बाट पनि पठाउन सकिने छ, तर कुरियर तथा हुलाक बाट पठाएको बोलपत्र पनि तोकिएको समय सिमाभित्र यस केन्द्रमा दर्ता भै सक्नुपर्ने छ। तोकिएको समय सिमा पछि यस केन्द्रमा प्राप्त भएको बोलपत्र मान्य हुने छैन। दर्ता भएको बोलपत्रहरू ३१ औं दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोवहरमा यस केन्द्रमा खोलिनेछन्। बोलपत्रदाता वा निजकाप्रतिनिधिहरू उपस्थित नभएमा पनि दर्ता भएकाशिलवन्दीबोलपत्रखोल्न बाधा पर्नेछैन। बोलपत्रखरिद गर्ने र दाखिलागर्ने अन्तिमदिनविदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिमदिनमानिने छ।

३. शिलवन्दी बोलपत्र दर्ता गर्दा जमानत वापत रु.२३९०००।- ( अक्षेरुपी- रु .दुई लाख उनान्नचालीस हजार ) कोष तथा लेखा नियन्त्रक कार्यालय काठमाडौंको राष्ट्रिय बाणिज्य बैंक टेकु स्थित धरौटी खाता नं. १७००२०३०००००० मा दाखिला गरेको सक्कलै बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको (बोलपत्र दर्ता गर्ने अन्तिम मिति देखि) मान्यता प्राप्त “क” श्रेणीको बाणिज्य बैंक ले जारी गरेको बैंक ग्यारेन्टी बोलपत्रसाथ पेश गर्नुपर्नेछ। बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि दाखिला गर्नुपर्ने कार्यसम्पादन जमानत वापतको रकम सार्वजनीक खरिद ऐनको दफा २७ को उप दफा ४ वमोजिम दाखिला गर्नु पर्ने छ।

४. बोलपत्रदाताले औषधिको दररेट पेश गर्दा अंक र अक्षरमा प्रष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमाउल्लेखित दररेटमा भिन्नताभएमाअक्षरमा लेखिएको दररेटलाई मान्यतादिईने छ। बोलपत्र फाराममा केरमेट भएको ठाउँमा सहिछाप गर्नुपर्ने हुन्छ।

५. बोलपत्रदाताले आफुले खरिद गरेको बोलपत्रशिलवन्दी गरी दर्ता गराउनु पर्नेछ । फोटोकपी गरी पेश गरेको बोलपत्रलाई मान्यतादिईने छैन । यस केन्द्रबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्रअर्को फर्मले दाखिलागर्न पाउने छैन । साथै बोलपत्रमाकुनै शर्त राखी पेश गरेमामान्यहुने छैन । सर्त राखी पेश गरेको र रीत नपुगेको बोलपत्रलाई मुल्याङ्कनमा समावेस गरिने छैन।

६. बोलपत्रदाताले बोलपत्रफाराममाउल्लेख भएका औषधिहरुको दररेट पेश गर्दा सप्लाई हुने कम्पनिको नाम, र सम्बन्धीत कम्पनिबाट उत्पादित औषधिको नमुना बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । आपूर्ति हुने औषधिको उत्पादक कम्पनिको WHO /GMP Certificate पेश गर्नुपर्नेछ ।उक्त कुराहरु स्पष्ट रुपमा बोलपत्रमा उल्लेख गर्नुपर्नेछ साथै माग गरे अनुसारको विवरण तथा नमुना पेश नगर्ने बोलपत्रदातालाई मुल्याङ्कनमा समावेश गरिने छैन ।

७. बोलपत्रदाताले औषधि आपूर्ति गर्दा बोलपत्र फाराममा उल्लेख भएको उत्पादक कम्पनिबाट मात्रउत्पादित औषधि बुझाउनु पर्ने छ । औषधि बुझाउदा औषधिको व्याच न. अनुसारको Quality Control Analysis certificate पेश गर्नुपर्ने छ साथै औषधि बुझाउदा विलमा व्याच न. र म्यादगुज्रीने अवधि प्रस्ट रुपमा उल्लेख भएको हुनु पर्ने छ।

८. वोलपत्रदाताले आपुर्ति गर्ने औषधीहरु तोकिएको स्पेशिफीकेसन अनुसारको हुनुपर्नेछ र औषधि यस केन्द्रले तोकेको स्थानमा बुझाउदा औषधिको प्रयोग अवधिको उत्पादन मितिबाट कम्तिमा ७५ प्रतिशत बाकि हुनु पर्ने छ ।

९. आपूर्ति भएको औषधीहरुको गुणस्तर जाँचगर्ने अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ । अन्य आधिकारीक निकायबाट सामानको गुणस्तरमा प्रश्न उठेमा सम्झौता हुन नसक्ने र भैसकेको भए रद्द हुन सक्नेछ ।

१०. आपूर्ति हुने प्रत्येक औषधीहरुको हरेक Primary र Secondary packing मा औषधिको व्याँच नं., उत्पादन मिति, म्याद समाप्त हुने मिति र Free supply for National Centre for AIDS and STD Control भनी स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

११. नेपाल सरकारको हितलाई ध्यानमा राखी प्राप्त हुन आएका बोलपत्रहरु आशिंक वा पूर्ण रुपमा स्वीकार गर्ने वा रद्द गर्ने जस्ता सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ । औषधिहरुको परिमाण थप हुन सक्ने छ र यसरी थप भएमा वा बजार मूल्य बृद्धी भएका बोलपत्रमा उल्लेखित दररेट भन्दा बढी मूल्य दाबीगर्न पाइने छैन । सामानहरु स्वीकृत वजेटको स्थिति अनुसार खरिद गर्न सकिनेछ ।

१२. कुनै बोलपत्रदाताले बोलपत्र फिर्ता पाउ भनि निवेदन दिदाँ बोलपत्र दर्ता गर्ने अन्तिम समयको १२ बजे भित्र प्रोपराइटरको हस्ताक्षर सहीत वोलपत्र फिर्ता को निवेदन दर्ता गर्नु पर्नेछ । नगरेमा बोलपत्र फिर्ता गरीने छैन ।

१३. बोलपत्र सम्बन्धीअन्य केही कुरा बुझ्नु परेमा कार्यालय समय भित्र बुझ्न सकिनेछ साथै यस केन्द्रको Website WWW.ncasc.gov.np मापनि हेर्न सकिनेछ ।

१४. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिकखरिद नियमावली २०६४ वा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।